Capital Merchant Banking and Finance Limited
क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड

**प्रधान कार्यालयः बत्तीसपुतली, काठमाडौं, फोनः ४४७१४५८, ४४६९७०२, फ्याक्सः ४४९६३२१**
**वेभसाइटः** www.cmbfl.com.np **इमेलः** info@cmbfl.com.np

# दशौं, एघारौं, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं उन्नाईसौं, बीसौं, एक्काईसौं र बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/१०/१२ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८१/१०/११ गते बसेको सञ्चालक समितिको ३६७औं बैठकको निर्णय अनुसार दशौ, एघारौ, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नाईसौं, बीसौं, एक्काईसौं र बाईसौं साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** :: वि.स.२०८१ साल फाल्गुण महिना ५ गते (तदनुसार ई. सं. १७ फेब्रुअरी २०२५) सोमबार।
**समय** : बिहान ९:०० बजेबाट
**स्थान** : ताज प्यालेस ब्याङ्क्वेट, गोल्फुटार, काठमाण्डौं।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्तावः**

१. वित्तीय संस्थाको दशौं, एघारौं, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नाईसौं, बिसौं, एक्काईसौं र बाईसौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०६७/०६८ देखि आ.व. २०७९/०८० सम्म) मा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. वित्तीय संस्थाको आ.व.२०६७/०६८, आ.व.२०६८/०६९ र आ.व. २०६९/०७० का लेखापरीक्षक एम.बि. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस् (महेश्वरेन्द्र बहादुर श्रेष्ठ), आ.व. २०७०/०७१ का लेखापरीक्षक गोपाल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस् (गोपाल कुमार श्रेष्ठ), आ.व. २०७१/०७२, आ.व. २०७२/०७३ र आ.व. २०७३/०७४ का लेखापरीक्षक आर.एस.एण्ड चार्टड एकाउण्टेण्ट्स् (राजेन्द्र मंगल जोशी), आ.व. २०७४/०७५, आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ का लेखापरीक्षक वाग्ले एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्टस (हेमन्तकटुवाल), आ.व. २०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० का लेखापरीक्षक विशाल एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्ट्स् (विशाल बराल), आ.व. २०८०/०८१ का लेखापरीक्षक रिजाल एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्टस (सुवास रिजाल) लाई संस्थाको बाह्य लेखा परीक्षकमा नियुक्त गरिएकोले निजहरुको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने।

३. वित्तीय संस्थाको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६७/०६८, आ.व.२०६८/०६९, आ.व. २०६९/०७०, आ.व. २०७०/०७१, आ.व.२०७१/०७२, आ.व. २०७२/०७३, आ.व.२०७३/०७४, आ.व. २०७४/०७५, आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व.२०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० सम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (संलग्न अनुसूचि सहित) छलफल गरी पारित गर्ने।

४. वित्तीय संस्थाको संस्थापक शेयरधनी समूह "क" को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण समूह "ख" को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सहित कूल ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त संस्था घोषणा गरे पश्चात वित्तीय संस्थाको संचालक समितिको सदस्यहरुमा भएको हेरफेर/नयाँ संचालक समिति गठन तथा नयाँ गठित संचालक समितिको हैसियतबाट वित्तीय संस्थामा तत्कालिन अवस्थामा भए गरेका सम्पूर्ण काम कारवाहीहरु अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने।

२. वित्तीय संस्था समस्याग्रस्त घोषणा पश्चात संस्थाले लगानी गरेका कर्जा/ऋण असुल उपर गर्ने सिलसिलामा वित्तीय संस्था र ऋणी तथा जमानीकर्ता पक्षवाट गठित ऋण चुक्ता कार्यदल बीच भएको दुई पक्षीय तथा वित्तीय संस्था, ऋण चुक्ता कार्यदल र राष्ट्रिय समृद्ध आवास बिशिष्टीकृत सहकारी संघ बीच भएको त्रिपक्षीय इस्क्रो (ESCROW) सम्झौता अनुमोदन तथा संझौता कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने।

३. वित्तीय संस्थाको नाम संशोधन एवं उद्देश्य थप गर्न प्रबन्ध पत्र तथा नियमावलीमा भएको व्यवस्था संशोधन/थप गर्ने प्रस्ताव पारित गर्ने।

४. क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक वा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्न गराउन वा उपयुक्त देखिएको अवस्थामा चल अचल सम्पत्ती तथा दायित्व र कारोबारको मूल्याङ्कन गर्न तथा गाभ्ने वा गाभिने तथा प्राप्ति गर्ने सम्बन्धीको आवश्यक प्रक्रिया अगाडि बढाई प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।

५. बैंकको प्रबन्धपत्र/नियमावलीमा पारित गरिएको संशोधन प्रस्तावमा नियमनकारी निकायबाट (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदि) कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**नोटः साधारण सभा सम्बन्धी अन्य जानकारी र संस्थाको संक्षिप्त वित्तीय विवरण मिति २०८१/१०/१२ गतेको हिमालय टाइम्स दैनिकमा प्रकाशित सूचना वा यस कम्पनीको वेभसाइट www.cmbfl.com.np मा हुर्नु हुन अनुरोध गरिन्छ।**